# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-३३ | २०७७ फाल्गुन २६ गते बुधबार | 10 March 2021 Wednesday | मूल्य रू. १०/-


## अझैसम्म जहाज फर्किन सकेन


मिसन न्यूज

कालिकोट


जिल्लाको नरहरीनाथ गाँउपालिका-१ मा रहेको सुनथराली विमानस्थल कालोपत्रे हुन थालेको छ । विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको त्रासका कारण लामो समय लकडाउन हुँदा काम अवरुद्ध भएको विमानस्थल अहिले कालोपत्रे सुरु भएको हो । चालु आर्थिक वर्षभित्रै नियमित उडान गर्ने गरी तयारीका साथ विमानस्थल कालोपत्रे भइरहेको छ ।

झण्डै ३८ वर्षदेखि निर्माणा भइरहेको रहेको उक्त विमानस्थल बल्ल संचालनको तयारी अवस्थामा पुगेको हो । झन्डै चार दशकदेखि निर्माणाधिन अवस्थामा रहेको विमानस्थलबाट २०७३ सालमा तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीको सक्रियतामा परीक्षण उडान गरिएको थियो । परीक्षण उडानपछि ठप्प बनेको विमानस्थलको कालोपत्रे गर्न सुरु भएपछि यहाँका नागरिक खुसी भएका छन् । निर्माण सुरु भएको चार दशकसम्म परीक्षण उडानमै सिमित यो विमानस्थल गौचरनको रुपमा परिणत भएको थियो । विमानस्थल निर्माण आयोजनाका प्रमुख निर्माण व्यवसायी पदमबहादुर खड्काका अनुसार विमानस्थलको घेरबार र धावनमार्ग निर्माण गर्ने काम सकिसकेको छ । पिच गर्ने काम सुरु गरेका



नरहरीनाथमा बन्दै गरेको सुनथराली विमानस्थल । तस्विर : मिसन न्यूज

छौँ । निर्माणमा अवरोध नभएमा आउने वैशाखसम्म विमानस्थलको काम पुरा गरेर हस्तान्त्रण गर्ने तयारी छ । गौरी पार्वती श्याम एण्ड शंकर जेबीले विमानस्थललाई कालोपत्रे गर्ने जिम्मा पाएको छ । १२ करोड ३५ लाखको लागतमा १८ महिना भित्र काम सम्पन्न गर्ने गरी गत साउनमा ठेक्का सम्झौता गरेको थियो । २०७३ माघ २९ गते परीक्षण उडान भएको विमानस्थलमा अहिलेसम्म नियमित उडान हुन नसकेको भन्दै स्थानीय दु:खी छन् । विमानस्थलको कालोपत्रे गर्न कार्य भइरहेकाले नियमित उडानका लागि अब धेरै समय कुर्नै नपर्ने आयोजना प्रमुख खड्काले बताए । 'वैशाख महिनासम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम गरिरहेका छौँ', प्रमुख खड्काले भने, 'स्थानीयले निर्माणमा केही अवरोध गरेका छन् । गाउँपालिकाले सहयोग गरिरहेको छ ।' विमानस्थलको काम हालसम्म जम्मा ६५ प्रतिशत सम्पन्न भइसकेको दाबी उनको छ । समयमै निर्माण सम्पन्न गर्नमा गाउँपालिकाको तर्फबाट भरपुर सहयोग भइरहेको नरहरीनाथ गाउँपालिका

**बाँकी ८ पेजमा.....**

## प्राविधिक शिक्षालय अस्तव्यस्त


दिलमाया शाही

जुम्ला


स्थापना भएयता कर्णाली प्राविधिक शिक्षालयमा २६ जना प्रमुख भएका र फेरिएका छन् । तर, शिक्षालयको मुहार फेरिएको छैन । नेपालको पहिलो कर्णाली प्राविधिक शिक्षालय निकै जीर्ण बनेको हो । यहाँका भौतिक संरचना भत्कने अवस्थामा पुगेका छन् । हिँड्ने बाटो उप्किएको छ । उचित घेराबार नहुँदा पशुबस्तु चरण क्षेत्र झैँ देखिन्छ ।

२०३० सालमा कर्णालीलाई प्राविधिक शिक्षाको केन्द्र बनाउने हेतुले स्थापना भएको यो शिक्षालय निकै भद्रगोल र अव्यवस्थित हुन पुगेको हो । अहिले पनि शिक्षालयमा खानेपानीको चरम अभाव छ । जसका कारण विद्यार्थी, शिक्षक र प्रशिक्षक दूषित पानी पिउन बाध्य छन् । ४० वर्ष पहिले बनेका भौतिक संरचना पुन:निर्माण त के मर्मत समेत हुन सकेका छैननरु । चुहिने छानामा विद्यार्थी शिक्षक बस्न र पढ्न बाध्य छन् । दरबन्दी अनुसारका शिक्षक पनि छैनन् । प्राविधिक शिक्षालयजस्तो महत्व बोकेको कर्णाली प्राविधिक शिक्षालय निकै छाडा र उजाड बनेको स्थानीय



जुम्लामा रहेको कर्णाली प्राविधिक शिक्षालय । तस्विर : मिसन न्यूज

बताउँछन् । प्राविधिक शिक्षालयको मर्मत सम्भार र संरक्षणमा कसैको चासो पुगेको छैन । उनका अनुसार हरेक क्षेत्रको मुहार कोर्ने प्राविधिक जन्माउने यो थलो अहिले उजाड हुन पुगेको छ । 'भवनमा लगाएका चुना पुरानो भएको छ, भवन भत्किएका छन् , घेरबार नहुँदा शिक्षालय असुरक्षित छ, तर सरोकारवाला निकाय रमिते बनेर टुलुटुलु हेरिराखेको छ, यो जस्तो लाजमर्दो विषय अरू हुन सक्दैन,' स्थानीय कर्णबहादुर भण्डारीले भने, '६ सय ५२ रोपनी क्षेत्रफलभित्र रहेको कर्णाली प्राविधिक शिक्षालय निकै उदेकलाग्दो छ, विकासको प्रतिक्षा गरिरहेको अवस्थामा छ, शिक्षालयका शौचालय निकै फोहोर छन्, संघीयता आइसकेपछि प्राविधिक शिक्षालयको अवस्था गिर्दो छ ।' हरेक कार्यालय प्रमुखको रिर्पोटमा यहाँको विकास राम्रो भएपनि अवस्था नफेरिएको स्थानीय बताउँछन् । कर्णाली प्राविधिक शिक्षालयका प्रिन्सिपल टेकेन्द्र थापा शिक्षालयको अवस्था निकै नाजुक भएको बताउँछन् । फागुन १८ गतेदेखि प्रिन्सिपलको रुपमा आएका उनले शिक्षालयको प्रगति आशालाग्दो नभएको बताए । उनले भने,'अबको पाँच बर्षमा यहाँको मुहार फेर्ने गरि कार्ययोजना ल्याउन लागेको छु । तत्काल ४०

**बाँकी ८ पेजमा.....**

## विद्यार्थी हाब्रे अध्यन गर्दै

**कालिकोट**-लोपोन्मुख अवस्थाको दुर्लभ रातो हाब्रे (पान्डा) संरक्षणका लागि रेडपान्डा नेटवर्कले विभिन्न संघसंस्थासँगको सहकार्यमा विद्यालयमा पठनपाठन गराउँदै आएको छ । हाब्रे संरक्षणमा क्रियाशील नेटवर्कले वातावरण संरक्षणसम्बन्धी पाठ्यपुस्तक तयार गरेर विद्यालयमा अध्ययन-अध्यापन गराउँदै आएको हो । हाब्रे पाइने कालीकोटको पचालझरना, तिलागुफा, शुभकालिका र महावै गाउँपालिकामा यसको वासस्थान छ । यसको संरक्षणका लागि शुभकालिका गाउँपालिका वडा नम्बर ६ स्थित चन्द्रसूर्य माध्यमिक विद्यालयमा पठनपाठन सुरु गरिएको पश्चिम नेपालमा समुदायमा आधारित हाब्रे संरक्षण परियोजनाका जिल्ला प्रतिनिधि दिनेश घलेले जानकारी दिए । उनका अनुसार सोही विद्यालयको कक्षा ६ र ७ मा यो विषयको पठनपाठन सुरु गरिएको हो । विद्यालय स्तरबाटै



वातावरण संरक्षणको चेतना जगाउन स्थानीय पाठ्यसामग्री तयार पारिएर अध्ययन हुँदै आएको घलेले जानकारी दिए । हाब्रे पाइने ४ वटै स्थानीय तहको वातावरण, भौगोलिक अवस्था, मानवीय अवस्थाको विषय समेटिएर तयार परिएको पाठ्यक्रम भएकाले स्थानीय परिवेश बुझ्न पनि मद्दत पुग्ने विश्वास गरिएको छ । विद्यालयमा वातावरण संरक्षण शिक्षा पढाइ हुँदै आएको छ । कक्षा ६ को पुस्तकमा संरक्षण संरक्षित क्षेत्र र संरक्षणका स्थानीय अभ्यास, हाब्रे, मानव र वन्यजन्तुबीचको द्वन्द्व र न्यूनीकरणका अभ्यास, संस्कार, संस्कृति र पर्यटनका पाठ्यसामग्री समावेश गरिएको छ । कक्षा ७ को पुस्तकमा पश्चिमी हिमाल, जैविक विविधता, संरक्षणसम्बन्धी ऐन, कानुन, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका अभ्यास र जलवायु परिवर्तन शीर्षक रहेका छन् । ती विद्यालयमा बालक्लब बनाएर यसअघिदेखि नै वातावरण संरक्षणसम्बन्धी ज्ञान दिइँदै आए पनि प्रभावकारी नभएपछि स्थानीय स्तरमै पाठ्यक्रम तयार पारी लागू गरिएको जिल्ला प्रतिनिधि घलेले जानकारी दिए । उनले भने, 'पान्डाको संरक्षण यतिले मात्र नहुने देखिएपछि कालीकोटका ४ वटै स्थानिय तहमा एउटा वनमा

**बाँकी ६ पेजमा.....**

# सम्पादकीय...

## सम्पदाको दुरुपयोग नगरौं

प्रकृतिक सम्पदाको दुरुपयोग र नदीजन्य पर्दाथको चोरी निकासी बढ्दै जानु चिन्ताको विषय बनेको छ । मुलुकमा बहुमतको सरकार र सरकारले गरेको क्रियाकलापका कारण प्रकृतिक सम्पदाको दुरुपयोग र नदीजन्य पर्दाथको चोरी निकासी बढ्दै गएको हो । सरकारको ध्यान सत्ता टिकाउने तर्फ केन्द्रित हुँदा तस्करहरुले प्रकृतिक सम्पदाको दुरुपयोग गर्ने मौका पाएका छन । गुण्डागर्दी गर्ने समुहहरु यतिवेला नदीजन्य पर्दाथको चोरी निकासी संलग्न छन । मुलुकमा तीन तहको सरकार रहदा पनि नदीजन्य पर्दाथको अबैध चोरी निकासी हुनुले मुलुकमा कस्तो विधि स्थापित भयो भन्नेमा प्रश्व उब्जिने गरेको छ ।

नेपालका भित्री नदीहरुमा अहिले व्यापक मात्रमा चोरी बढेको छ । प्रदेश र स्थानीय सरकारले नदीजन्य पर्दाथको चोरी निकासी रोक्न ध्यान नदिएका कारण दिनदहाडै नदीमा अबैध चारी बढेको अनुमान सजिलै लगाउन सकिन्छ । स्थानीय सरकारले सयममै खोलामा ठेक्का लगाउन नसक्नु र नियन्त्रणको जिम्मा पाएको जिल्ला समन्वय समिति निकम्बा हुनुले चोरी तस्करीले प्रसय पाइरहेको छ । नेपालका नदीहरुको तस्करीकै कारण अस्थित्व संकटमा छ । चोरी बढ्दै गएका कारण नेपालका प्राकृतिक सम्पदाहरु समेत जोखिममा छन । नदीजन्य पर्दाथको चोरी निकासीमा स्थानीय सरकारका जनप्रतिनिधिहरु पनि संलग्न भएको समाचारहरु छापामा प्रकासन हुने गरेका छन ।

उ बेला चुनाबमा भएको खर्च जनप्रतिनिधिहरुले नदीजन्य पदार्थको अबैध दोहोनबाट असुल गर्ने गरेको पाइएको छ । मेयर,वडाध्यक्षहरुले नै क्रसर उद्योग सञ्चालन गर्ने,सवारी साधन खरिद गरेर डुंगा,गिट्टी र बालुका खरिद विक्रीको काम गर्ने गरेका छन । आफ्नै संरक्षणमा रहेको खोलाहरुलाई लक्षित गरी यसरी जनप्रतिनिधिहरुले अबैध रुपमा नदीको दोहोर गर्नुले उनीहरुको नियत माथी शंका गर्ने ठाउँ फेलापरेको छ । चितवनका नदीहरुमा भएको अबैध उत्खनन्मा वडाअध्यक्षहरुको साथ रहेको बुझिन्छ । हिसो चुनाबमा पैसा दिएका गुण्डाहरुलाई वडाध्यक्षहरुले खोला तस्करी गर्ने मौका दिएका भेटिएको छ । नदीजन्य पर्दाथको चोरी निकासी गर्ने गिरोहलाई जनप्रतिनिधिहरुले प्रसय दिएका कारण चोरी तस्करीको व्यापार मौलाएको हो । यसरी जनप्रतिनिधिले जनताबाट विमुख भएर प्रकृतिक श्रोत साधनको दुरुपयोग गर्न उद्दत देखिदा देशको संरक्षण कसले गर्ने हो चिन्ताको विषय बनेको छ । नदिमा भइरहेको तस्कारीकै कारण नेपालको भौगोलिक बनौट संकटमा छ । बार्षिक करोडौंको राजश्व बालुवामा पानी भइरहेको छ । प्राकृतिक संम्पदाको संरक्षण र राजश्व संकलनलाई प्रभावकारी बनाउन पनि नदीमा हुने तस्करी रोकिनु पर्छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# सहर निर्माणमा साझा अभियान

**मिसन न्यूज**
**सुर्खेत**

करिब २ लाख जनसंख्या रहेको कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरलाई स्वच्छ, सफा, सुन्दर र हरियाली शहर निर्माणमा 'साझा अभियान' थालिएको छ । बढ्दो शहरीकरण र बढ्दो जनसंख्याले गर्दा फोहोरमय बन्दै गएका बेला उपत्यकामा सरसफाई अभियान थालिएको हो । राजधानीका सार्वजनिक स्थलमा जताततै फोहोरले शहर दुर्गन्धित बन्दै गएको बेला ''मेरो फोहोर मेरो जिम्मेवार, क्लिन कर्णाली एण्ड ग्रिन कर्णाली'' नारा सहित सरसफाई अभियानमा सबैले प्रतिवद्धता जनाएका छन् । वीरेन्द्रनगरपालिकाको समन्वयमा विभिन्न संघ-संस्था, राजनीतिक दलका भ्रातृ संगठन, विश्वविद्यालयका विद्यार्थी र अभियन्ताहरुले यसका साथ दिएका छन् । जस अनुसार शनिबार (आज) विहान मात्र प्रमुख पर्यटकीय स्थल बुलबुले ताल र वरपरको क्षेत्रमा सरसफाई गरिएको छ । अभियानलाई सार्थक तुल्याउनका लागि वीरेन्द्रनगर नगरपालिकाका मेयर देवकुमार सुवेदी, प्रहरी, आर्मी लगायतको पनि सहभागिता थियो । साझा अभियानका एकजना अभियान्ता जगत खत्रीले रातोपाटीलाई भने ,'वीरेन्द्रनगरमा बढ्दो जनसंख्या सँगै फोहोरमैला बढ्दै पनि उस्तै छ । यसलाई न्यूनीकरण गर्ने उद्देश्यले अभियान थालिएको हो ।' उसो त स्थानीय सरकार र प्रदेश सरकार पनि छन् । यद्यपी, फोहोरमैला व्यवस्थापनमा दुबै तहका सरकारले खासै ध्यान दिन सकिरहेका छैनन्,' खत्रीले भने । सरसफाई मानिसको प्रत्यक्ष जीवनसँग गाँसिएको विषय हो । विभिन्न स्थानबाट उठाएको फोहोर नगरपालिकाले व्यवस्थापन



गरिरहेको छ । जस अनुसार नगरपालिकाले एउटा गाडीको व्यवस्थापन समेत गरेको नगरपालिकाले जनाएको छ । 'हामीले देख्दा देख्दै शहरीकरणको दर र वातावरणीय समस्या तिव्र रुपले बढेको छ,' अभियानका संयोजक अनिल ढकालले भने, 'हामीले त्यसको असर भोगिरहेका छौँ साथै बिग्रँदो वातावरणको अवस्था र भावी पुस्ताको अधिकार खोस्ने कामको साक्षी बनिरहेका छौं ।' त्यसैले पनि सरसफाई अभियान अहिलेका लागि निकै अपरिहार्य छ । मुख्य उद्देश्य भनेको उपत्यकालाई स्वच्छ, सफा, सुन्दर र हरियाली बनाउने हो,'उनले भने । उसो त दुई तहका सरकार भएपनि वीरेन्द्रनगरमा नत सार्वजनिक शौचालयहरूको व्यवस्था छ नत फोहोर फाल्ने डस्टविनहरुको व्यवस्थापनकै । यसतर्फ नगरपालिकाले खासै ध्यान दिन सकिरहेको अबस्था छैन् । नगरपालिकाका मेयर देवकुमार सुवेदीले भने, 'यो विषयमा हामी

**बाँकी ८ पेजमा.....**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# देउता छाउगोठमा बलात्कार हुँदा कहाँ जान्छौ ?



दिलमाया शाही

भनिन्छ, वस्तुले मानिसको चेतना निर्धारण गर्छ । त्यही चेतनालेको कारण मानिसले आफ्नो व्यवहार गर्छ। मानिसमा जस्तो चेतना छ त्यस्तै व्यवहार गर्छ। त्यस्तै सोचाइ चिन्तन हुने गर्छ । मानिसको चेतना समाजले र उसले गर्ने अध्ययनले निर्धारण गर्छ । तर कयौं मानिसहरुले अध्ययन गरे पनि उनीहरुमा चेतनाको स्तर रुढीग्रस्त नै हुने गर्दछ। तीनहरु समाजलाई अगाडि होइन जहाँको त्यहि रहोस भन्ने चाहन्छन् तर पनि नेपाली समाज धेरै परिवर्तन भयो होला भन्ने लागेको हो । मैले नै बहुदल र गणतन्त्र देख्न र भोग्न पाए । समाज केहि न केहि परिवर्तन भयो भन्ने सोच थियो । हिजोको सोचाइ, चेतनामा आज परिवर्तन अवश्य आएको होला सोच्नु मेरो गल्ती थिएन । हिजोका सोचाइमा धेरै नभएपनि अलि अलि परिवर्तन आएको हुनु पर्ने हो । तर समाज त जहाँको त्यहि छ जस्तो लाग्यो । समय गति सधैं अगाडि बढ्छ। यो भनेको मानिसको चेतनासँग पनि जोडिएको हुन्छ । तर कुनै कुनै घटनाले मानिसको गिदी नै हल्लाउँछ । कुरा सानो हुनसक्छ तर त्यसले मानसिकतामा र समाजमा ठूलो असर छोडेर जान्छ । जुन कुरा सानो हुन सक्छन् तर त्यसले गहिरो गरी मानिसलाई झक्झकाउँछ । म कर्णाली प्रदेशको जाजरकोटमा जन्मेकी हुँ । समयको गतिसँगै मैले आफूलाई परिवर्तन गर्दै गए। मेरो विचार र चिन्तनले भ्याएसम्म पुरातन, रुढीवादी विचारलाई महत्व दिइनँ ।

जीवन सीधा रेखामा होइन, ब्रक रेखामा पनि घुम्छ भन्छन् होला जस्तो लाग्छ । म पत्रकारीता गर्छु । यो मेरो चेतनाको उपज थियो । त्यो पनि कर्णाली प्रदेशको जुम्ला जिल्लामा धेरै अप्ठेरा छन् । जुध्नुपर्छ भनेर हिँडेकी हुँ तर पनि कहिलेकाँहीं म आफैंले गरेको पेशाप्रति पनि सोच्न बाध्य हुन्छु र पत्रकारिताबाट कयौं जनचेतना जगाउने काम गरे । आफैं अग्रसर भएर कयौं ठाउँमा समाजका रुढीवादी सोच चिन्तका विरुद्ध जनचेतनाका कुरा गरे तर जब आफैंमाथि त्यस्ता सोच र चिन्तनका मानिसले प्रहार गर्छन् त्यतिबेला रनभुल्लमा पर्छु। मैले कयौं समाचार लेखें कयौं ठाउँमा गएर समाजमा भएका कुरीति कुसंस्कार र कुप्रथाका बारेमा बोलें। आज मलाई नै देउता लागेर तेरे खुट्टो भाँचियो भनिन्छ भने म के भनुरु सोच्दैछु, समाज अहिले पनि ५० वर्षपहिला जहाँ थियो, त्यहीं थचक्क बसेको छ । बामे सर्ने आट पनि गरेनछ । मैले यो समाजलाई हिँडाउन खोजें । हिँडाउन चाहें म आफैं अगाडि हिँडें । म फरक परिवेशबाट आएकी होइन । मेरा घरपरिवारले पनि देवदेउता पुज्छन् । दशैं तिहार मान्छन् । कर्णालीमा मानिने चाडबाड धर्म संस्कृति परम्परा मेरो घरपरिवारले पनि मान्दैआएको छ । म घरपरिवार र समाजलाई मान्छु तर घरपरिवारले र समाजले मान्दै आएको रुढीवादी चलन मान्दिनँ । मान्ने पनि छैन। यो मेरो प्रतिबद्धता नै हो।यति कुरा लेख्नको कारण पनि यही धर्म र देउताको प्रसंगले हो। केही दिन पहिलादेखि हिँड्न असहज भइरहेको थियो । खुट्टा दुखिरहेको थियो । अस्पताल गए । डाक्टरको सल्लाह अनुसार दुखेको ठाउँमा खुट्टाको एक्सरे गरे । खुट्टाको हड्डी थोरै चर्किएको रहेछ। कहिले कसरी खुट्टाको हड्डी चर्कियो म आफैंले थाहा पाइन। खुट्टामा समस्या आएको कुरा पत्रकार साथीहरुले थाहा पाए । पत्रकार साथीहरुले सामाजिक संजालमा फोटा हालेपछि एक जना मेरो पुरानो महिला साथिले पनि थाहा पाइछिन्। उनले फोन गरीन धेरै पछि साथिसँग फोनमा बोल्न पाउदा खुशि लाग्यो । तर उनले मेरो हालखबर सोध्नलाई होइन रहेछ फोन गरेको उनले त मलाई सम्झाउन फोन गरेकी रहिछिन् । उनले फोनमा एकसासै भनिन तिम 'छाउ' बार्दिनौ त्यहि भएर देउताले तिम्रो खुट्टा भाँचि दिएको हो । म त छाँगाबाट खसेझैं भए । त्यो साथिसँग कति कुरा गर्नु थियो । मैले सोचेकी थिए दुखिरहेको खुट्टा पनि उनीसँग कुरागर्दा केहि कम दुख्ने छ । तर ती साथिले त मलाई तेरो खुट्टा देउताले भाँचेको हो भने पछि खुट्टा होइन मन दुख्यो । खुट्टाको दुखाई बिर्सेंछु । म उनका कुरा सुनिरहे ।

उनी बोलीरहिन, मानौ उनी धार्मिक संस्थाको न्यायधिस हुन म उनको धार्मिक अदालतमा उभिएको पीडक । मैले छाउ नबार्दा उनका देउतामा माथि अन्याय गरेकी रहिछु । आज उनी त्यसको फैसला गर्दै छिन् । म त्यो फैसला सुन्दै छु । उनको परमादेश सकियो । मैले सुनिरहे । फोन राखिन । मैले उनीसँग फोनमा कुरा गरे तर उनले मेरा कुरा केहि पनि सुन्न र बुझ्न चाहिनन् । फोन राखे एक छिन आफैमा सोचे । मैले पढे पत्रकारीता गरे । म भन्दा पढेलेखेका धेरै छन्, तर कुरा चेतनाको हुँदो रहेछ । म छाउ हुँदा जान्ने बुझ्ने भएपछि छाउ गोठमा सुत्न गइन । घरमा नै न्यानोसाथ सुते । छाउ गोठमा सुत्न गएकी कयौं । दिदिबहिनीलाई सम्झाए, बुझाए। मान्नेले माने नमान्नेहरु तीनै देवि देउताको डरले अहिले पनि छाउ गोठमा सुत्छन् । हो मलाई फोन गर्ने मेरी आफ्न्त जस्तै छन् आज पनि कर्णालीका धेरै महिलाहरु सोच्छन् विमारी देवी देउताका कारण भएका हो । उनीहरु बिमारी भएपछि सबै भन्दा पहिला देवी देउतालाई भेटी चढाउछन् । अझ फूलपाती अक्षता र धुपबत्ति लिएर मन्दिरमा ढोग्न जान्छन् । हो, संस्कार संस्कृति हो मान्न चाहनेले मान्न पाउछन् । मान्नुपर्छ । तर बिमारी हुँदा देउता लागेर भाक्कल गर्नु सही होइन । जहाँ अशिक्षा हुन्छ त्यहाँ सबैभन्दा बढी अन्धविश्वास हुन्छ । पढेर प्रमाणपत्र हातमा हुनु मात्र शिक्षित हुनु होइन । शिक्षाले जीवन बदल्छ । जीवनमा केहि परिवर्तन आएन भने त्यो शिक्षा शिक्षा हुन सक्दैन । तीनलाई मैले सम्झाउन चाहेँ तर उनी मेरो कुरा सुन्न नै चाहँदैन थिइन । अहिले पनि कर्णाली प्रदेशमा सबैभन्दा बढी पाठेघर खस्ने समस्या छ । यसको कारण पोसिलो खाने कुरा प्रमुख हो । स्वास्थ्यको सरसफाइ नहुनु । छिटोछिटो बच्चा जन्माउनु पनि हो तर यी सबै कुरा यहाँका महिलाहरु देउता लागेर अथवा रिसाएर भएको ठान्छन् । म छाउ हुँदा छाउगोठमा सुत्नु हुन्न, बरु पोसिलो खाने कुरा खानुपर्छ भन्छु । पाठेघर खस्नुको कारण बताउँदै हिँड्छु । म छाउ हुँदा राम्रो ठाउँ सुत्छु, सकेसम्म पोसिलो खानेकुरा खान्छु । अब तिमी नै भन प्रिय, म छाउ हुँदा घरभित्रै सुतेको र पोसिलो खानेकुरा खाएको रिसले तिम्रा पुजनीय देउताले मेरो खुट्टा भाँचेको नै हो तरु ल म त घरभित्र सुतें, छाउ मानिनँ । मेरो खुट्टा देउताले भाँच्यो ? अब भनिदेऊ- छाउ हुँदा सात दिनसम्म छाउ गोठमा सुत्ने महिला दिदी-बिहनीहरुको पाठेघर किन खस्छन् ती देउताले किन पाठेघर खस्न रोक्दैनन्रु ती दिदीबहिनीहरु त अहिले पनि छाउ गोठमा नै बस्छन् ।

किन महिलाको पाठेघरको क्यान्सर हुन्छन् यसको जवाफ छ- तिमी र तिम्रा देवतासँग छन् भने भन त किन हुन्छ पाठेघरको क्यान्सर किन खस्छ पाठेघर । किन नेपालका अधिकांस क्षेत्रका महिला भन्दा कम आयु बाँच्छन् कर्णालीका महिला यसको जवाफ दिन सक्ने कुन देउता छ कर्णालीमा र जुम्लामा ? छाउगोठमा बलात्कार भएका कयौं घटना छन्, त्यो समयमा देउता कता जान्छन्रु किन बचाउदैनन देवी देउतारु मेरो खुट्टा भाँच्न सक्ने देउताले बलत्कारीलाई किन समात्न सक्दैनन् ? किन बलत्कारीको खुट्टा भाँच्दैन ? यसको जवाफ छ ? छाउ गोठमा सुत्दा निस्सासिएर मरेकी छन कयौं दिदिबहिनी तीनलाई किन अक्सिजन पुगाउदैनन् होला पुजनीय देउतालेहरु ? म भन्छु समाजमा अशिक्षा छ । व्यक्तिमा रुढीबादी चिन्तन हावी भएको छ । समाजमा चेतनाको कमि छ । अहिलेका कयौं घटनाहरु मानिसको चेतनाको कमीले घटि रहेका छन् । कयौं रोगहरु यस्तै रुढीवादी चिन्तन र अशिक्षाका कारण बढी रहेका छन् । उनीहरु भन्छन् देउता कारण हुन । फरक यहि निर छ उनीहरु र ममा म यो सबै हटाउन शिक्षा, स्वास्थ्यमा उन्नती हुनु पर्छ तिमि भन्छु । उनीहरु देवी देउता पुज्नु पर्छ भन्छन् । समाज तिमीहरु कै जस्तो चिन्तनले जगडिएको छ । यो त अति भयो अब उनीहरुले यस्ता त्रासहरु समाजमा फैलाउन छोडि देउ । मैले त विश्वास गरीन देउताले खुट्टा भाँचि दियो भनेर । अझ सुत्केरी हुँदा सबै भन्दा बढी स्याहार सुसारको आवश्यकता र पोसिलो खानाको आवश्यकता हुन्छ । तर देउताको डरले गोठमा राख्छन् । के यो अबको समयमा पनि कम हो ? देशमा राजनीतिक परिवर्तन भए । सरकार परिवर्तन भए । तर हाम्रो मानसिकता परिवर्तन हुन अझै कति आन्दोलन गर्नु पर्ने हो थाह छैन । अझै समाज मन्दिर गएर मुक्ति मिल्छ भन्छ । क्यान्सर जस्तो भयानक रोग देउता रिसाएर लाग्यो भन्छ अनि के फरक पर्छ राजनीति परिवर्तन भएररु मेरो खुट्टा छाउ नबार्दा देउताले भाँचेको हो भने अब देउता खुसी बनाउन भाकल गर भन्छ, समाज । अझ पनि भन्छु साँच्चै देउता छन् भने छाउ बार्न लगाउने समाजलाई चेतना देओस । छाउ बस्दा परेका दुःख कस्ट हरण गरी देओस । जाडोबाट बचाइ देओस । अमानवीय कष्टबाट बचाओस । होइन भने देउताको नाममा महिलालाई बालबच्चलाई दुःख दिने र डराउने त्रसाउने काम बन्द गर्नु पर्छ । उनीहरुले आजै देउतालाई भनिदेउन् छाउ नबार्दा खुट्टा भाच्न सक्छौ भने बलत्कार गरेर हत्या गरीएकी कंचनपुरकी निर्मला पन्त र बैतडिकी भागरथी भट्टका बलत्कारी पत्ता लगाइ देउ भनेर । आज हरेक दिन महिलामाथि हुने अन्याय अत्याचार नदेख्ने देउताले म छाउ भएको कसरी थाह पाउछरु छाउ थाह पाउने देउताले बलत्कारी हत्यारा किन देख्दैन ? म यो समाजलाई सकारात्मक रुपमा परिवर्तन गराउन चाहन्छु । नकि रुढीवादको सांडलोमा बाध्न । समाजमा भएका नराम्रा संस्कार, रुढीवादी चिन्तन हटाउन चाहन्छु । जुन नराम्रा चिन्तन सोच, रुढीवादी चलनले महिलाको ज्यान जाने गरेका छन् । आजबाट तिमीले देउताको नाममा अरु दिदिबहिनीलाई तर्साउने काम छोडि देउ । सक्छौ भने छाउ हुँदा सरसफाइ गर्न सिकाउ ।

प्याड नलगाउने महिला दिदिबहिनीलाई कपडा लगाउ भन । छाउ हुँदा सरसफाइ गर्न, नुहाउने भन । जाडो महिनामा न्यानो लुगा लगाउन न्यानो ठाउँमा सुत्न भन । नमान्नेलाई सम्झाउ बुझाउ म पनि आउछु तिमीलाई सहयोग गर्न यो अभियानमा । होइन भने आजबाट फोनबाट, भेटेर देउताको नाममा त्रास न फैलाउ । मलाई त तिम्रा देताले केहि गर्दैनन् तर अरु सोझा साझा महिला दिदि बहिनीलाई धेरै असर गर्छ । मानसिक रुपमा पिडा दिने काम आजै बाट बन्द गर । आजबाट मेरो खुट्टा देउताले भाँचेको भनेर प्रचार प्रसार गर्न बन्द गर । महिला दिदिबहिनीहरुमा चेतना जगाउन हिड । होइन केहि गर्न सक्दैनौ भने चुपचाप बस । तर १६औं शताब्दीमा मन्दिरको नाममा शासकले शासन चलाए अब तिमी बन्द गर । २१औं शताब्दीको चेतनामा बाँच्न चाहनेलाई बाच्न देउ ल । प्रिय मेरो खुट्टा देउताले भाँचेको होइन । बरु बुझिराख्नु महिलाका पाठेघर न त देउताले खसाउछन्, न त देउताले क्यान्सर नै लगाउँछन् । महिला जागरण

# कर्णालीका स्रोत र साधनको सदुपयोग कहिले ?

मिसन न्यूज
कालिकोट

नेपालमा प्रशस्त खोला नदी छन्। यसमा अविरल बगिरहने पानीले गर्दा नेपाललाई विश्वसामु जलस्रोतको धनी देशको रूपमा परिचय गराएको छ। अझै भन्दा कर्णालीमा कल कलाउदो निलो आकास जस्तै रङ बदिलिदै आफ्नै बेगमा बगिरहका कर्णाली नदि, तिलानदी, लगायतका सयौं खोलाहरु छन। यही खेर गइरहेका नदिहरुको प्रयोग कहिले सम्म ? विश्वमै नभेटिएको कर्णालिको बहुमुल्य जडिबुडिको प्रयोग कहिले सम्म ? यही थुप्रै प्रश्नहरुले भरिएको अवस्थामा राज्यले यहाँका पर्चुर मात्रामा रहेको स्रोत र साधनहरको प्रयोग कहिले सम्म गर्ने। अपार जलस्रोतको धनी देशमा नदीको पानीको भरपूर प्रयोग गरी विद्युत् उत्पादन गर्ने कार्यले तीव्रता पाएको पाइरहेको अवस्थामा कर्णालीमा पनी यी खेर गइरहेका स्रोतहरुको समयमै प्रयोग गर्न जरुरी देखिन्छ।



देशभरिका खोला नदीको पानी प्रयोग गरी करीब ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने क्षमता रहेको छ। सोमध्ये हालसम्ममा करीब ४२ हजार मेगावाट विद्युत् उत्पादनका लागि मात्र प्राविधिक, आर्थिक दृष्टिले सक्षम देखिएको तथ्य बाहिर आएको छ। ऊर्जाको प्रमुख स्रोतका रूपमा जलविद्युत् उत्पादनको क्षमता प्रचुर मात्रामा रहे पनि यसको सही उपयोग हुन सकिरहेको छैन। खोला, नदीको पानी विना प्रयोगमा खेर गइरहेका छन्। देशमा विद्युत् ऊर्जाको उत्पादन ज्यादै न्यून रहेको कुरा स्पष्ट छ। नेपालको पहाडी भू-बनोट र प्रचुर मात्रामा बगिरहने नदीको पानीको सदुपयोग गरी विद्युत् उत्पादन गर्ने काममा निजीक्षेत्रको लगानी अवाश्यक देखिन्छ। यसै क्रममा अहिले नेपालको अधिकांश पहाडी जिल्लामा थुप्रै जलविद्युत् आयोजना निर्माण भइसकेका र हुने क्रममा रहेका छन्। त्यस्तै कतिपय आयोजना सञ्चालनका लागि नेपाल सरकारसमक्ष अनुमति माग गर्ने क्रममा रहेका छन्। पछिल्लो समयमा जलविद्युत्को क्षेत्रमा आएको तीव्र विकासले गर्दा सर्वसाधारणले पनि जलविद्युत् आयोजनामा लगानी गर्न पाइरहेका छन्। नेपालमा विद्युत् ऐन २०४९ आएपछि निजीक्षेत्रबाट पनि जलविद्युत् उत्पादन र विक्रीवितरणको क्षेत्रमा लगानी गर्ने अवसर प्रदान गरियो। यसले निजीक्षेत्रका कम्पनीलाई विद्युत् उत्पादनका लागि अनुमति लिनुपर्ने व्यवस्था गरियो। पछि देशमा विद्यमान जलस्रोतको उपयोग गरी कम लागतमा विद्युत् उत्पादन गर्ने र यसलाई निर्यातयोग्य वस्तुको रूपमा विकास गर्न जलविद्युत् विकास नीति २०५८ जारी गरियो। जलविद्युत् क्षेत्रलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउने र जलविद्युत् विकास प्रवर्द्धनका लागि निजीक्षेत्र, सरकारी र निजीक्षेत्रको संयुक्त लगानी गरी आयोजनको विकास गर्ने रणनीति लिएको छ। यसै नीतिले आयोजना हस्तान्तरणको सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ। यसको दफा ६.५.१ मा जलविद्युत् आयोजना अनुमतिपत्रमा तोकिएको म्याद समाप्त भएपछि स्वतः नेपाल सरकारलाई राम्रो सञ्चालन भएको अवस्थामा हस्तान्तरण गर्नुपर्ने र त्यसका लागि सरकारले कुनै क्षतिपूर्ति नदिने कुरा उल्लेख छ। नेपाल सरकारले आफूलाई हस्तान्तरण भएको आयोजना सम्झौताद्वारा सञ्चालन गराउन सक्ने र यसरी सञ्चालन गर्दा पूर्वसञ्चालक कम्पनीलाई पहिलो प्राथमिकता दिइने व्यवस्था यस नीतिमा गरेको छ। सरकारको यो व्यवस्थालाई बाध्यात्मक रूपमा भने लिन सकिन्न। यसै नीतिको दफा ६.१२ अनुसार आन्तरिक मागको आपूर्ति गर्ने आयोजनाको हकमा उत्पादन अनुमति प्राप्त गरेको मितिबाट ३५ वर्ष र निर्यातमूलक आयोजनाको हकमा अनुमति प्राप्त गरेको मितिबाट ३० वर्ष अवधि तोकिएको छ। त्यसरी नै विद्युत् प्रसारण र वितरणका लागि पनि अनुमति लिनुपर्ने र त्यसको अवधि २५ वर्ष तोकिएको छ। जलविद्युत् उत्पादनको अनुमतिपत्र प्रदान गर्दाको बखत अनुमान गरिएको भन्दा प्रतिकूल भौगर्भिक तथा हाइड्रोलोजिकल परिस्थिति सृजना भएमा वा भवितव्य परेमा जोखीम कम गर्न क्षतिपूर्ति स्वरूप जोखीमको प्रकृति र प्रभावको मूल्याङ्कन गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा ५ वर्ष थप्ने व्यवस्था गरिने कुरा दफा ६.९.३ मा गरेको छ। नीतिको दफा ६.९.१ मा भने अनुमतिपत्रको अवधिभरि निजीक्षेत्रबाट स्थापित जलविद्युत् आयोजना, प्रसारण प्रणाली राष्ट्रियकरण नगरिने कुरा उल्लेख छ।

यो नीतिगत व्यवस्थाअनुसार निजीक्षेत्रबाट निर्माण तथा सञ्चालन गरिएका कुनै पनि जलविद्युत् आयोजनाको अवधि समाप्त भएपछि स्वतः नेपाल सरकारको स्वामित्वमा जानेछ। यस स्थितिमा त्यस्ता आयोजनामा लगानी गरेका प्रवर्द्धक तथा सर्वसाधारण शेयरधनीको लगानी पनि जोखीममा पर्ने देखिन्छ। हालसम्म नेपालमा सञ्चालनमा रहेका कुनै पनि आयोजनाको अवधि समाप्त भइसकेको छैन। यसले गर्दा लगानीकर्ताको शेयरको हैसियत के हुने भन्ने कुरा कानूनी रूपमा निर्धारण गर्नुपर्ने अवस्था आइसकेको छैन। समग्रमा यो नीतिगत व्यवस्थालाई हेर्दा सरकारले अनुमति दिएको आयोजनाको अवधिभित्रमा मात्र प्रत्येक शेयरधनीले आफूले लगानी गरेको कम्पनीबाट प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ। धितोपत्र बजारमा पनि सोही अवधिसम्म मात्र

बाँकी ६ पेजमा.....

**स्वास्थ्य सन्देश**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप नियन्त्रणको सूचना**

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# वादि महिलालाई नारी दिवसले छोएन

**मिसन न्यूज**
**सुर्खेत**

विभिन्न कार्यक्रम गरेर नेपालमा आज १११ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदै छ। 'महिलाको सुरक्षा, सम्मान र रोजगार, समृद्ध नेपालको अधिकार' भन्ने नाराका साथ मनाइँदै गरेको नारी दिवसले कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा १६ दिनदेखि धर्नामा बसेका वादी समुदायका महिलालाई छोएको छैन । १६ दिनदेखि भूमीको माग गर्दै धर्नामा बसेका महिला तथा बालबालिकाले राम्रोसँग खानसमेत नपाएको आन्दोदनरत वादी महिला भानु वादीले बताइन्। 'यो नारी दिवस भनेको के हो ?' उनले प्रश्न गरिन्, 'हामीलाई काम गरी खानका लागि जग्गा चाहियो भनेर आन्दोलन गर्दै खुला आकाशमा बसेको १६ दिन भयो। कुनै महिला अधिकारवादीले बोलेका छैनन्।' विगतमा पनि नारी दिवसका विषयमा जानकारी नभएको र आज पनि नारी दिवस थाहा नभएको धर्नामा बसेकी दैलेख नारायण नगरपालिका-१ की कमला वादीले बताइन् । 'खै कहिले पर्छ नारी दिवस हामीलाई थाहा भएन,' उनले भनिन्, 'विगतमा दिनहरूमा खोलाका किनारमा बसेर गिट्टी, बालुवा कुटेर दिन गुजार्थ्यौं।' वादी महिलाहरूलाई नारी दिवसका विषयमा कुनै जानकारी नभएको



कालिकोट खाँडाचक्र नगरपालिका पुष्पा वादीले बताइन् । अहिले आफूहरू खेतीयोग्य जग्गाका लागि आन्दोलनमा आएको उनले बताइन्। 'हाम्रो नाममा पाँच धुरमा बनेको घरबाहेक अरु केही पनि छैन,' उनले भनिन्, 'अहिले हामीलाई जग्गा चाहिएको छ। त्यो नारी दिवस किन चाहियो ? त्यसको विषयमा कुनै जानकारी नै छैन।' कर्णाली प्रदेशस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को खुला चौरमा धर्नामा बसेका वादी समुदायका बालबालिका तथा वृद्धवृद्धाहरू बिरामी पर्न थालेको र खानाबस्नका लागि समस्या हुन थालेको वादी सघर्ष समितिका संयोजक हिक्मत वादीले बताए । 'आन्दोलन लम्बिँदै गयो । यहाँ रहेका

बाँकी ८ पेजमा.....

# सार्वजनिक भयो कालिकोमा चन्द समूह

**मिसन न्यूज**
**कालिकोट**

नेपाल सरकार र नेत्र विक्रम चन्द विप्लव समूह विच भएको तीन बुधे सहमति पछि दुवै पक्षविच भएको वार्तापछि कालिकोटमा पनि चन्द समूहका नेता कार्यकर्ता सार्वजनिक भएका छन। वर्तमान व्यावस्था विरोधि हिंसात्मक गतिविधि संचालन गरेको भन्दै, नेपाल सरकारले दुई वर्ष अघि प्रतिबन्ध गरेपछि दुई वर्ष सम्म भुमिगत अवस्थामा रहेका नेता कार्यकर्ता सदरमुकाम, लगायतका क्षेत्रमा खुल्ला रूपमा आफ्ना गतिविधि संचालन गर्न पाएका थिएनन्! लुकि छिपि गाउँमा गतिविधि संचालन गरेपनि खुल्ला रूपमा आउन सकिरहेका थिएनन्। सदरमुकाम मान्मा जिल्ला भेला गरि सार्वजनिक भएता पनि सोमवार मान्मको होटल मदनमा पत्रकार सम्मेलनको आयोजना गरि सार्वजनिक भएका हुन । जनपत्रकार संगठनका जिल्ला संयोजक कर्ण विश्वकर्माको अध्यक्षता, चन्द समूह (नेकपाका ) जिल्ला ईन्चार्ज मणिलाल ऐडि (रणदिप) को प्रमुख आतिथ्यता, जिल्ला सचिवालय सदस्य, अर्जुन विक, शितल विष्ट,दलित संगठनका जिल्ला अध्यक्ष सरोज विक,लगायतका नेताहरू पत्रकार भेटभाटमा सहभागी भएका थिए। तपाइको पाटिले सरकार संग गरेको वार्ता जिल्ला पाटि सहमत छ ? एकिकृत जनकन्तिको कार्यदिशा पुरा भएको हो त ? शहिदको सपना कसरी पुरा गर्नु हुन्छ त ? तपाईको पाटि केपि ओलीको सरकारमा जान्छकी जादैन ? दुई वर्ष सम्म भुमीगत हुदा राजनिति



काम वाहेक अरु जनताका काम के गर्नु भयो भन्ने पत्रकारको प्रश्नमा जिल्ला ईन्जार्ज रणादिपले केपि ओलि संगको पाटिमा जानको लागि वार्तामा आएका हैनौं, नेपाल सरकार संग वार्ता गरेका हौं । वार्तामा तीन वुधा भएपनि, प्रतिबन्द हुँदा पनि आफ्नो जे मागहरू थिए, ती सबै एजेण्डा बोकेर वार्तामा आएका हौं उनले भने, शहिदको सपना पुरा गर्न पहिलो एजेण्डा छ। अझै पनि पुजिवादि राज्य व्यवस्थाको विरूद्दमा छौं। यसमा प्रचण्डले पनि आउन पर्छ, केपि ओलिले पनि

बाँकी ८ पेजमा.....


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल (वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाें जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |


**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# छुमचौर पर्यटकीय नयाँ गन्तव्यको सूचीमा

**मिसन न्यूज**

**जुम्ला**

जुम्लाको पातारासी गाउँपालिकास्थित छुमचौर पर्यटकीय नयाँ गन्तव्यको सूचीमा परेको छ । नेपाल सरकारको २०० पर्यटन गन्तव्यको सूचीमध्येमा विश्वको सबैभन्दा उच्च स्थानमा काली मार्सीधान धान फल्ने छुमचौर जिउलो परेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको पर्यटन गन्तव्यको सूचीमा जुम्लाको छुमचौर पनि परेको हो । पातारासी गाउँपालिकासँगको साझेदारीमा पर्यटकीय गन्तव्यको पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने गरी पर्यटन गन्तव्यको छनोट गरिएको हो । मन्त्रालयले देशभरका २०० स्थानीय तहमा बढीमा तीन वर्षभित्र योजना पूरा हुने गरी २०० वटा गन्तव्य छानेको हो । जुम्लाका एक नगरपालिकासहित सातवटा गाउँपालिकामध्ये पातारासी गाउँपालिका-३ को छुमचौर जिउलो पर्यटन गन्तव्यको सूचीमा परेको छ । पर्यटन गन्तव्य सूची छनोट गर्नुका साथै छुमचौर जिउलो र त्यहाँ उत्पादन हुने कालीमार्सी धानको संरक्षण तथा सम्वर्द्धन गर्ने लक्ष्य राखिएको पर्यटन मन्त्रालयले जनाएको छ । पर्यटन गन्तव्यका रूपमा छनोट भएको योजना पूरा गर्न गाउँपालिकाले रु ६० लाख र मन्त्रालयले रु एक करोड ४० लाख लागत साझेदारी गर्नेछन् । दुई हजार ८५० मिटर अग्लो स्थानमा मार्सीधान फल्ने भनेर गिनिज बुकमा रेकर्ड भएको छुमचौर जिउलो पातारासी गाउँपालिकामा पर्छ । सन् २०१९ मा जग्गा दर्ता गरी २०२१ देखि यो धान रोपाइँ शुरु गरिएको यहाँका स्थानीयवासी बताउँछन् । धान लगाउने समयमा किसान सबै यार्सा टिप्न पाटनमा जाने भएकाले धान लगाउन छाडिएको थियो । त्यो समयमा बालबालिका र बूढाबूढी मात्रै घरमा हुने भएकाले केही समय जिउलो बाँझो नै रहेको थियो । जुम्लाको चन्दननाथ भैरवनाथ मन्दिर आसपास रहेको सेरा जिउलोबाट धानको बेर्ना लिएर छुमचौरमा रोपाइँ थालनी भएको इतिहास छ । धानबालीमा परिश्रम धेरै गर्नुपर्ने, घेराबारको व्यवस्था नभएको, सिँचाइ अभाव, धान रोपाइँ र पाटनमा यार्सा सङ्कलनको सिजन एउटै पर्ने भएकाले विस्तारै रोपाइँ गर्न छाडिएको स्थानीयवासी अमर बुढाले बताउए । पछिल्लो समयमा सो जिउलोमा मार्सी धान रोप्न थालिएको वडाध्यक्ष बिर्खराम बोहोराले बताए । गाउँपालिकाले



बाँकी ८ पेजमा.....

# कर्णालीका स्रोत र साधनको................

शेयरको खरीदबिक्री गर्न सक्ने देखिन्छ । त्यसैले यस विषयमा सम्पूर्ण लगानीकर्ताको ध्यान पुग्नु जरुरी भइसकेको छ । नेपालको संविधानको धारा २५ ले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रदान गरेको छ । यसलाई नागरिकको सम्पत्तिको हकका रूपमा लिन सकिन्छ । यसै धाराको स्पष्टीकरणले सम्पत्तिअन्तर्गत चलअचल सबैलाई मानेको छ । यस स्थितिमा सर्वसाधारणले प्रचलित कानूनको अधीनमा रही नेपालमा निर्मित जलविद्युत् आयोजनामा प्रवर्द्धक तथा सर्वसाधारण लगानीकर्ताको हैसियतले शेयर लगानी गरेका हुन्छन् ।

एक त जलविद्युत् कम्पनी नै कानूनी व्यक्ति भएको र त्यस्ता कम्पनीको शेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत हुनुपर्ने गरी धितोपत्र सम्बन्धी कानूनले व्यवस्था गरेको हुन्छ । सूचीकृत कम्पनीको शेयर धितोपत्र बजारमा खरीदबिक्रीका लागि योग्य मानिन्छ । हालसम्म चिलिमे, अरुणभ्याली, सानीमामाई, अपी, रिडी, बुटवल पावर, वरुण, दिव्येश्वरी, सिनर्जी, अरूण काबेली, युनाइटेड मोदीजस्ता दर्जनौं जलविद्युत् कम्पनीहरूको शेयर खरीदबिक्री भइरहेका छन् । यीबाहेक अरू दर्जनौं कम्पनीले पनि सर्वसाधारणका लागि शेयर जारी गर्ने क्रममा रहेका छन् । यस किसिमका जलविद्युत् उत्पादन कम्पनीले प्रवर्द्धक, आयोजना प्रभावित स्थानीय बासिन्दा र सर्वसाधारणलाई शेयरमा लगानी गर्ने अवसर प्रदान गर्छ । यस्ता कम्पनीको साधारण शेयरमा सर्वसाधारण लगानीकर्ता तथा सङ्गठित संस्थाको आकर्षण बढिरहेको छ । शेयरमा आवश्यकताभन्दा धेरै गुणा बढी रकमका लागि आवेदन पर्ने गरेका छन् । नेपालमा स्थापित यस्ता कम्पनीको चुक्तापूँजी अर्बौं अर्ब पुगिसकेको तथ्यले पनि जलविद्युत्मा लगानीको दर बढ्दो रहेको पुष्टि हुन्छ । सर्वसाधारण लगानीकर्ताले आफ्नो ज्ञान, श्रम, शीप र मेहनतले कमाएको रकम जलविद्युत् आयोजनामा लगानी गर्दा निश्चित समयसम्म प्रतिफल पाउलान् र देशको पनि उन्नति होलान्, तर भविष्यमा ती सबै लगानीकर्ताको हातमा लाग्यो शून्यको स्थिति हुनेछ । देशको यस्तो नीतिगत व्यवस्थाले जलविद्युत्को लगानीमा देखिएको सर्वसाधारणको आकर्षण र उत्साह भविष्यमा कम नहोला भन्न सकिन्न । जलविद्युत् कम्पनीको शेयर खरीदबिक्रीबाट नै लगानीकर्ताले मनग्य नाफा कमाइरहेका छन् । तर, कतिपय शेयरधनी भने त्यस्ता कम्पनीबाट लाभांश मात्र प्राप्त गरिरहेका हुन्छन् । त्यस्ता कम्पनीको शेयरमा लगानी गर्ने, पछिसम्म सञ्चित गरी लाभांश प्राप्त गरिरहने तथा बजारमा बिक्री गरी त्यसबाट लाभ प्राप्त गर्ने हक सबै लगानीकर्ताको हो । शेयर पनि व्यक्तिको चलसम्पत्ति हो र संविधानले सम्पत्तिको हकको व्यवस्था गरिसकेको छ । जलविद्युत् विकास नीतिअनुसार आयोजनाको अवधि समाप्त भइसकेपछि कम्पनी स्वतः नेपाल सरकारमा जाने हुँदा त्यस्तो कार्यले भविष्यमा व्यक्तिको सम्पत्तिसम्बन्धी हकमा असर पर्न जाने अवस्था आउन सक्छ कि सक्दैन ? आज जलविद्युत् आयोजनामा गरेको लगानी भविष्यमा बालुवामा हालेको पानी जस्तै हुने भयो भने मानिसले किन जलविद्युत् आयोजनामा लगानी गर्नुपर्‍यो र ? यस्ता प्रश्नको निराकरणको लागि देशले समयमै कानून बनाई सम्बोधन गर्नुपर्छ । जलविद्युत् आयोजनामा हुने गरेको शेयर लगानीको हैसियत कानूनद्वारा निर्धारण हुनु जरुरी छ ।

# विद्यार्थी हाब्रे अध्यन...............................

१ जना हेरालु राखेर काम गरिरहेका छौं ।' २०१८ बाट कालीकोटमा लागू भएको यो परियोजनाले हाब्रे पाइने क्षेत्र, यसको संरक्षणका उपायबारे तथ्याक संकलन गरिएको थियो । हाब्रेको संख्या दिनानुदिन घटिरहेको छ । यसको प्राकृतिक बासस्थान निरन्तरको वन विनास, निगालो र बाँसजन्य जंगल अभाव, कम प्रजनन क्षमता, कम जन्मदर तर उच्च मृत्युदर, अत्यन्तै कमजोर शरीर, चोरी-सिकारी, डढेलोलगायत कारण हाब्रेका लागि चुनौती रहेको जिल्ला वन कालीकोटका वन अधिकृत जितेन्द्र महतले बताए । हाब्रेको सिकार निषेधित भए पनि तस्करले यसको लुकीछिपी सिकार गर्दै आएका छन् । हाब्रेको रौं र यसको रोमाञ्चक पुच्छर मूल्यवान मानिन्छ । नेपालले हाब्रेलाई संरक्षित जीवको रूपमा सूचीकृत गरेको छ ।


## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# २२ तले धरहराको काम ९५ प्रतिशत

मिसन न्यूज

काठमाडौं

काठमाडौँको सुन्धारामा निर्माण हुँदै गरेको धरहराको २२ तलाको ढलान सकिएपछि गजुर रहने गुम्बज ढलान सकिने भएको छ। धरहरा निर्माणको कार्य गर्दै आएको रमन कन्स्ट्रक्सनका आयोजना व्यवस्थापक श्यामचन्द्र श्रेष्ठले दिएको जानकारी अनुसार धरहरा भौतिक पूर्वाधारको निर्माणको हिसावले ९५ प्रतिशत काम सम्पन्न भएको छ। बाँकी अरु धरहराको बाहिरी र भित्री प्लाष्टर, पार्किङ र संग्रहालयको काम पनि जारी रहेको नेपाल पुनर्निर्माण प्राधिकरणले जनाएको छ। अबको केही महिनाभित्रै सर्वसाधारणले अघि निरीक्षण गर्नुभएको थियो। उहाँले निरिक्षणको समयमा आगामी महिनाभित्रै सम्पन्न गर्न निर्देशन दिनुभएको थियो। पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले निर्माणाधीन धरहराका दुई भूमिगत तलामा पार्किङ रहने, त्यहीँबाट १०/१० जना अट्ने क्षमताको लिफ्ट रहने जानकारी दिए। उनका अनुसार १८औं तलामा धरहरासम्बन्धी डिजिटल प्रस्तुतीकरण कक्ष रहनेछ। यसबाहेक अहिले पानी सुकेको र निकास समेत बन्द भएको अवस्थामा रहेको ऐतिहासिक सुन्धारालाई निरन्तर पानी आउने अवस्थामा ल्याई संरक्षण गरिने छ। यसैगरी यसअघि टक्सारको भवन रहेको स्थानमा मुद्रा



धरहरामा रहेको अत्याधुनिक प्रविधि प्रयोग गरी काठमाडौं अवलोकन गर्न पाउने भएका छन्। कोरोनाका कारण लकडाउनको समय र दसैं-तिहारजस्ता चाड पर्वको समयमा पनि दिन र रातको समयमा काम भएकाले निर्माणले पूर्णता पाउन लागेको प्राधिकरणले जनाएको छ।प्रधानमन्त्री केपी शर्मा ओलीले धरहरा र सिंहदरबारको पुनर्निर्माण आगामी महिनाभित्रै सक्न गर्न निर्देशन दिनु भएको थियो। प्रधानमन्त्री ओलीले २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय तथा धरहराको पुनर्निर्माण कार्यको एक महिना तथा सिक्कासम्बन्धी विविध सामग्रीसहितको संग्रहालय बनाउने र भूकम्पले भत्काएको धरहरालाई यथावत स्वरुमा शिशाले छोपेर एक सजीव भूकम्प संग्रहालयका रूपमा संरक्षण गरिने ज्ञवालीले जानकारी दिनुभयो। यसअघि करिब साढे चार रोपनीमा रहेको धरहरा परिसर अब ४२ रोपनीमा विस्तार हुँदा राजधानीले एक ऐतिहासिक खुल्ला स्थान पाउने उहाले बताउनुभयो। धरहरा परिसरको भूमिगत पार्किङस्थलमा चार सयवटा चारपांग्रे र सात सयवटा मोटरसाइकल अट्ने भएकोले राजधानीको पार्किङ समस्या धेरै हदसम्म सम्बोधन हुनेछ।

# चिली पुग्यो कोरोनाभ्याकको पाँचौं खेप

एजेन्सी

सान्टियागो

चीनको औषधि निर्माता फर्म सिनोभ्याकले उत्पादन गरेको कोभिड-१९ विरुद्धको खोप (कोरोनाभ्याक) को पाँचौं खेप चिली आइपुगेको छ। चिली सर लागि अनुमति दिएको थियो। चिलीमा गत फेब्रुअरी ३ बाट सर्वसाधारणलाई खोप दिन थालिएको छ। यसवर्ष पहिलो तीन महिनाभित्र उच्च जोखिममा रहेका भनी पहिचान गरिएका करिब ५० लाख व्यक्तिलाई खोप लगाउने चिलीको




कारलाई उक्त खोप हस्तान्तरण गरिएको छ। चिलीका स्वास्थ्य मन्त्री एन्रिक पेरिस र अन्य अधिकारीहरुले सान्टियागो विमानस्थलमा चिनियाँ खोप बुझ्नु भएको थियो।

चीनले पठाएको यो खोप पाँचौं पटक हो। त्यस अवसरमा संक्षिप्त प्रतिक्रिया दिँदै स्वास्थ्य मन्त्री पेरिसले चीनबाट उपलब्ध खोपले चिलीका सर्वसाधारणलाई कोरोनाभाइरसबाट सुरक्षित राख्न महत्वपूर्ण हुने विश्वास व्यक्त गरे। चिलीको जनस्वास्थ्य इन्स्टिच्युटले गत जनवरी २० मा सिनोभ्याकको खोपलाई आपतकालीन प्रयोगका योजना छ। उक्त खोप अभियान समाप्त भएलगत्तै अरु एक करोड ५० लाख व्यक्तिलाई खोप दिइने छ।

दक्षिण अमेरिकी मुलुक चिलीमा हालसम्म ४१ लाख ७६ हजार व्यक्तिले खोप लिइसकेका छन्। त्यसमध्ये झण्डै पाँच लाखले दोस्रो डोज पनि लगाएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। अधिकारीहरुका अनुसार हालसम्म चिलीमा आठ लाख ६० हजार व्यक्तिमा कोरोना संक्रमण देखिएको र तीमध्ये करिब २१ हजार व्यक्तिको संक्रमणबाट मृत्यु भइसकेको छ।

# सताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ। काममा अरूको मुख ताक्नाले पछि परिनेछ। सामान्य चुनौती देखिए पनि बिस्तारै परिस्थिति अनुकूल बनाउन सकिनेछ। आध्यात्मिक ज्ञानको प्रेरणाले मानसिक सुख प्राप्त हुनेछ। सानो प्रयत्नले उपलब्धि हातलागी हुनेछ। |
| | वृष : | प्रारम्भमा स्वास्थ्य कमजोर हुनाले अध्ययनमा बाधा हुनेछ। अरूको स्वार्थमा उपयोग भइनेछ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन्। हुलमुलका बेला धनमाल सुरक्षामा ध्यान दिनुहोला। स्वास्थ्यका लागि खानपान र रहनसहनमा विशेष ध्यान पुर्‍याउनुहोला। |
| | मिथुन : | प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। तारिफयोग्य काम सम्पादन हुनाले नाम, दाम र इनाम प्राप्त गर्न सकिनेछ। विशेष उपहारका साथ प्रेमको प्रस्ताव प्राप्त हुन सक्छ। बीचमा भने आकस्मिक समस्यासँग जुध्नुपर्ला। स्वास्थ्य कमजोर रहनाले काममा पनि अवरोध आउन सक्छ। |
| | कर्कट : | सुरुमा पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउनेछ भने आँटले लक्ष्यमा पुर्‍याउन सक्छ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। व्यापारका सन्दर्भमा रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। |
| | सिंह : | प्रारम्भमा केही उतारचढाव आउनेछन्। कामको बोझ थपिनाले अध्ययनमा बाधा पुग्न सक्छ। स्वास्थ्य पनि कमजोर हुने समय छ। अप्ठ्यारो बेलामा आफ्नैले दुःख दिनेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरू सुल्झनेछन्। आँट र प्रतिभाद्वारा बिस्तारै अरूलाई उछिन्न सकिनेछ। |
| | कन्या : | सुरुमा पारिवारिक उल्झनले काममा बाधा पुग्नेछ। साइनो गाँस्नेहरूले केही दुःख दिन सक्छन्। स्वास्थ्य चिन्ताले सताउनेछ भने पढाइमा पनि लक्ष्य प्राप्त गर्न समय लाग्नेछ। सामूहिक कामको जिम्मेवारी एक्लै वहन गर्नुपर्ने हुन सक्छ। |
| | तुला : | सुरुमा प्रतिस्पर्धामा उत्रिए पनि प्रतिष्ठा कमाउन सकिनेछ। प्रतिद्वन्द्वीहरूले सम्झौताको ढोका खोल्नेछन्। प्रारम्भ उत्साहपूर्ण देखिए पनि बीचमा केही व्यवधान देखापर्नेछन् र बेसुरमा निर्णय लिने बानीले पछिलाई समस्या निम्त्याउनेछ। काम बिग्रने डरले सताउन सक्छ। |
| | वृश्चिक : | यो साता अलि संघर्षमय रहला। धेरै बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ। आँटेका काममा विभिन्न क्षेत्रबाट बाधा हुनेछ। तापनि हिम्मतले केही चुनौती पन्छाउन सकिनेछ। मंगलवारदेखि भाग्यले साथ दिने हुँदा नाम, दाम र प्रतिष्ठा आर्जन गर्न सकिनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। |
| | धनु : | साताको प्रारम्भ उपलब्धिमूलक रहनेछ। सानो प्रयत्नले नसोचेको काम सम्पादन हुनेछ। महत्त्वाकांक्षी योजना प्रारम्भ गर्न सकिनेछ। मंगलवारदेखि वादविवादमा अलमलिनाले लक्ष्यमा पुग्न बाधा पर्नेछ। ठूलो भागको आशा राख्दा पनि अवसर गुम्न सक्छ। बनेको काम समेत दोहोर्‍याउनुपर्ला। |
| | मकर : | साता केही उतारचढावमय रहनेछ। प्रारम्भमा दौडधुपका साथ काममा जुट्नुपर्ला। खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। काम बिग्रनाले दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। मंगलवारपछि स्थितिमा केही सुधार आउनेछ। लाभांशले केही आवश्यकता पूरा हुनेछन्। |
| | कुम्भ : | प्रारम्भमा परिश्रमअनुसार राम्रै फल प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्गे लाभ हुनेछ। तर, बीचमा धन बाहिरिनाले अर्थ अभाव देखापर्न सक्छ। परिवारजनबाट टाढिनुपर्ने स्थिति आउन सक्छ। तापनि प्रयत्न गर्दा यात्रा गर्ने साइत जुर्न सक्छ। |
| | मीन : | प्रारम्भमा सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ। तापनि प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नयाँ काम प्रारम्भ हुनेछ भने रचनात्मक कामको यश लिने अवसर प्राप्त हुनेछ। कर्जामार्फत धन जुटाउन सकिनेछ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। |

## अझैसम्म जहाज.....................

अध्यक्ष धीरबहादुर विष्टले बताए । विमानस्थलस्थित टावर रहेको भवन स्थानीय केटाकेटीको शौच गर्ने ठाँउमा परिणत भएको थियो । '२०७३ सालमा आएको चिलगाडी फेरि फर्किएन । २०७३ सालमा पहिलो पटक गाउँमा चिलगाडी आउँदा आफूहरुले जहाज चड्ने सपना देखेका थियौं', स्थानीय नेत्र विष्टले भने, 'जिल्लाको कान्छो पलाँता भनेर चिनिएको हाम्रो गाँउपालिकाका स्थानीय नागरिकले राहत पाउने आशा थियो । तर त्यो सपना अझै पुरा भएको छैन् ।' लामो समयदेखि बन्द भएको विमानस्थल निर्माणको काम पुन सुरु भएर कालेपत्रे हुन थालेपछि मनमा खुसी फर्किएको उनले बताए । 'जुन दिन सुनथरालीमा चिलगाडी आउँछ । त्यसपछि हाम्रो सपना पनि पुरा हुनेछ', उनले थपे । विमानस्थल निर्माणका क्रममा तत्कालीन नेकपा माओवादी र राज्यपक्ष बीचको दश वर्षे सशस्त्र द्वन्द्वका बेला २०५८ सालमा स्थानीय र धादिङ जोगीमाराका ३५ जना कामदारको मृत्यु भएको थियो । त्यसपछि विमानस्थलको काम बन्द भयो । २०६३ सालमा मुलुकमा शान्ति भएपछि पुन निर्माणको कार्य सुरु भए पनि कछुवाको गतिमा काम भयो । २०४२ सालबाट निर्माण कार्य थालिएको उक्त विमानस्थल परीक्षण उडानमा मात्रै सीमित छ । निर्माण सुरु भएको ३८ वर्षसम्म जम्मा ६५ प्रतिशत मात्र काम सम्पन्न भएको हो । अझै उक्त विमानस्थलको ३५ प्रतिशत काम बाँकी छ । यो विमानस्थल निर्माणमा यसअघि करिब ३४ करोड बजेट खर्च भइसकेको आयोजनाले जनाएको छ ।

## प्राविधिक शिक्षालय.............

वर्ष पुराना संरचनाको मर्मत हुनेछ । नाला सफा गर्नेदेखि आधुनिक शौचालय निर्माण गरिनेछ । शिक्षालय परिसर हरियाली हुनेछ । पहिलेकै अवस्थामा आकर्षक संरचना निर्माण भएको हुनेछन् । यो मेरो जिम्मेवारी हुनेछ । साथ सबैको होस् ।' शिक्षालयमा खाली दरबन्दी पदपूर्तिको लागि तत्काल पहल हुने उनले बताए । उनले भने, 'कसैबाट दबाव नआएको अवस्थामा शिक्षालयले परिक्षा लिएर दरबन्दी अनुसारका शिक्षक प्रशिक्षक राख्नेछ । व्यापक दबाव आउने अवस्था भएर लोकसेवा आयोगलाई जिम्मेवारी दिएर भएपनि खोली कोटा पुरा गरिनेछ । प्रिन्सिपल फेरिन्छन् । शिक्षक, प्रशिक्षक, कर्मचारी, विद्यार्थी बदलिन्छन् । तर प्राविधिक शिक्षालयको संरचना पुरानै ढर्राको छ ।' प्राविधिक शिक्षालयसँग सरोकार राख्ने निकाय, अभिभावक, स्थानीय र स्थानीय सरकार सबैसँग बसेर शिक्षालयको अवस्थामा सुधार ल्याउने प्रयास हुने प्रिन्सिपल थापा बताउँछन् । हरेक वर्ष गरिने क्रियाकलापको टिपोट हुनेछ । वास्तविक प्राविधिक शिक्षालय जुम्लामै छ । हरेक हिसावले यो प्राविधिक शिक्षालय अघि नै छ भन्ने सन्देश छर्न तयार रहेको उनले बताए । अहिले डिप्लोमातर्फ ४ विषयको पढाई भइरहेको छ । २०६५ मा डिप्लोमा सिभिल इन्जिनियर,२०६६ सालमा आइएस्सीएजी प्लान्ट साइन्स, २०७४ सालमा फरेस्ट्री र २०७७ सालमा फार्मेसी पठनपाठन भइराखेको छ । आगामी दिनमा डिप्लोमा भेटनरी तर्फको कक्षा सञ्चालनका लागि पहल हुने प्राविधिक शिक्षालयले जनाएको छ । यो कक्ष सफल भएको खण्डमा एग्रो इन्जिनियर पढाइका लागि लविङ शुरु हुनेछ। अन्डर एसएलसी तर्फ सब ओभरसियर र जेटीएको पठनपाठन भइरहेको छ ।

सीएमए र अनमी चिकित्सा शिक्षा आयोगले नपढाउन लागि सर्कुलर गरिसकेको छ । यो वर्ष यी दुई विषयमा भर्ना पनि लिइएको छैन । पहिलेका केही महत्वपूर्ण तथा प्राविधिक शिक्षालयमा हुनुपर्ने गुणको अभाव छ । अहिले यहाँ उत्पादित जनशक्ति देशै भरी छरिएर काम गरिरहेको छ । तर प्राविधिक उत्पादन गर्ने उद्योगको रुपमा रहेको प्राविधिक शिक्षालय दिनप्रतिदिन जीर्ण बन्दै गइराखेको हो ।

## कर्णाली शिक्षालय..............

आउन पर्छ, राजनितिमा सकिएका प्रचण्डले आफुहरूलाई जंगलमा वस्न नसकेर आफ्नो वाटोमा आएको भनी भनिएको अभिव्यक्ति गलत रहेको बताए । काठमाडौंमा चन्द समुहका एक सय पचास जना आफ्नो पाटिमा प्रवेश भनेर गलत प्रचार गरेछन, उनिहरू आफ्नो पाटिको कार्यकर्ता नरहेको दावि गरे । उनले भने, जनपरिचालन लगायतका कामहरू अझै जारिनै छन । दुई वर्ष सम्म आफुहरूले गाउँमा स्थानिय सरकार भन्दा पनि,आफ्नो पाटिले बढिनै काम गरेर वसेको बताए । स्थानिय तहको सरकारमा भाग लिनुहुन्छ? ईन्चार्ज ऐडिले, संयुक्त सरकारमा जान सकिन्छ तर, संघिय व्वस्थामा जान नसकिने बताए । रणनीतिक मोर्चामा आफु जाने बताए । यो व्यवस्थामा धेरै जसो जन्ता सन्तुष्ट नरहेकाले, अब जनमतसंग्रहमा जानु पर्छ । उनले भने, केही एजेन्डा फरक भए पनि केपि ओलि संग राष्ट्रिय स्वाधिनता, लगायतका कुरामा मिल्न सक्छ । नेपालको भुमि ल्याउनु, विदेशी शक्तिको सामु नझुक्नु महान र ऐतिहासिक कार्यहरूमा आफ्नो सहमत रहेको बताए ।पहिला प्रतिबन्दमा यसरि खुल्ला रूपमा जन्ताका घरमा गएर राजनिति गर्न नपाए पनि, उहीँ उतिवेलाकै एजेण्डामा रहेर खुल्ला राजनितिमा यति फरक छ ।

## छुमचौर पर्यटकीय..............

छुमचौरलाई पर्यटकीय गन्तव्य गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको गाउँपालिका अध्यक्ष लछिमान बोहोराले बताए । यहाँको २०० रोपनी क्षेत्रफल जमिनमा धान रोप्ने गरिएको छ । मन्त्रालयले पर्यटन पूर्वाधार निर्माण तथा पर्यटनउपज विकास साझेदारी ९सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ अनुसार योजना र ती योजना सञ्चालन हुने स्थानीय तह छनोट गरेको हो । पातारासी गाउँपालिकाले पनि पर्यटन गन्तव्यमा पर्नसक्ने भन्दै छुमचौर जिउला संरक्षण र प्रवर्द्धनका लागि झण्डै रु आठ करोडको डिपिआर (विस्तृत आयोजना प्रतिवेदन) बनाएको प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले बताए । पर्यटन वर्ष २०२० का लागि जुम्लाको डुङ्डुल चैत्य र सिञ्जा उपत्यका केन्द्रीय पर्यटन गन्तव्य सूचीमा परेका थिए ।

## वादि महिलालाई............

१०४ भन्दा बढी बालबालिका र बृद्धबृद्धा बिरामी पर्न थालेका छन्,' उनले भने, 'आन्दोलन लम्बिँदै गएका कारण खानाका लागि समस्या हुँदै आएको छ ।'

कृषियोग्य जग्गाका विषयमा भूमी आयोग, कर्णाली प्रदेश सरकार, जिल्ला प्रशासनलगायतका विभिन्न संघसंस्थाहरूसँग छलफल जारी रहेको उनले बताए । तर, कसैले पनि सकरात्माक जबाफ नदिएकाले आन्दोलन थप सशक्त बनाउने उनको भनाइ छ ।

'अहिले सबैसँग छलफल चलिरहेको छ । कसैबाट सकारात्माक जफाव पाएका छैनौं,' उनले भने, 'यही २६ गतेबाट अझ सशक्त आन्दोलन गर्ने तयारी थालिएको छ ।'

## सहर निर्माणमा..............

दृढ छौं । अबको केही समयमा नै सबै स्थानहरुमा डस्टविन राख्नुका साथै सरसफाई अभियानलाई निरन्तरता दिन्छौं ।' वातावरणीय समस्या समाधान गर्नका लागि समय सापेक्ष तरिकाले अगाडि बढ्नको लागि नीतिगत प्रस्थान विन्दुको लागि अपरिहार्य भएको सरसफाईमा होमिएका युवाहरुले प्रश्न गरेका थिए । विकासका कामलाई दीगोपना दिनका लागि वातावरणीय सन्तुलन कायम गरी अगाडी बढ्नुपर्ने आजको प्रमुख आवश्यकता भएको मेयर सुवेदीले बताए । गएको शनिबार वीरेन्द्रनगरकै खुल्लामञ्च, वीरेन्द्रनगरका विभिन्न स्थानहरुमा पनि सफाई गरिएको थियो ।

**अन्तराष्ट्रिय नारा**

"Woman In Leadership Achiaving an equel future in a COVID-19 world"

**राष्ट्रिय नारा**

**"महिलाको सुरक्षासमृद्ध नेपालको आधारः सम्मान र रोजगार"**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**बेस्ट कर्णालीय मिडियाद्वारा जारी**

बेस्ट कर्णाली मिडिया प्रालिद्धार त्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com